
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर १६ गते आइतबार ❑ 1 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## राज्यको आवश्यकताअनुरूप वर्तमान सरकार : उपप्रम सिंह

**पोखरापत्र संवाददाता**
पोखरा, १५ मंसिर

उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले राजनीतिक परिस्थितिले जन्माएको आवश्यकताअनुसार वर्तमान सरकार गठन भएको बताउनुभएको छ।



नेपाली कांग्रेस गण्डकी प्रदेश समितिले शनिबार आयोजना गरेको छलफल एवं अन्तरक्रियामा नेता सिंहले देशमा राजनीतिक स्थिरताका लागि पहिलो र दोस्रो ठूलो दल सम्मिलित सरकार बनेको बताउनुभयो । प्रमुख ठूला दल कांग्रेस र एमाले पार्टी अरूलाई पनि मिलाएर राजनीतिक स्थायित्व दिन सक्छ कि भन्ने कुराले नै यो समीकरण बनेको नेता सिंहले स्पष्ट पार्नुभयो । छोटो समयमा सरकार परिवर्तन हुँदा त्यसप्रति जनताले पनि प्रश्न उठाउन थालेको उल्लेख गर्दै उहाँले नटिक्ने सरकारले हाम्रा लागि के काम गर्छ ? टिक्ने सरकार त हुनुपर्यो नि भन्ने जस्ता आवाज जनस्तरबाट आउन थालेको बताउनुभयो । शान्ति सम्झौतालाई कांग्रेसले आँट गरेर नै अघि बढाएको प्रसङ्ग स्मरण गर्दै मन्त्री सिंहले राजनीतिक स्थायित्वका लागि नै प्रमुख ठूला दल एकताबद्ध बन्दै अघि बढेको जिकिर गर्नुभयो । साना दललाई मौका दिँदा कहिले कांग्रेसलाई त कहिले एमालेलाई खेलाएको बताउँदै उहाँले त्यसले परिणाम दिन नसकेकै कारण राजनीतिक स्थिरता र विद्यमान समस्याको समाधानका लागि अघि बढिएको स्पष्ट पार्नुभयो । वर्तमान सरकार देशका तमाम समस्याको पहिचान गरी एक एक केलाउँदै त्यसको समाधानका लागि अघि बढेको उहाँको भनाइ छ । सरकार दलहरूबीचकै समझदारीअनुसार अघि बढ्ने र सातबुँदे समझदारीअनुसार सरकार गठन भएको कुरा बहालवाला प्रधानमन्त्रीले स्वयंले भन्दै आउनुभएको भन्दै उहाँले सरकार त्यसअनुरूप नै अघि बढ्ने धारणा राख्नुभयो ।

कांग्रेसको कुनै नेता तथा कार्यकर्तामाथि प्रश्न उठ्यो भने पार्टीकै कार्यकर्ता वास्तविक कुरा नबुझी हल्लाको पछि लाग्ने गरेको बताउँदै उपप्रधानमन्त्री सिंहले कोही माथि प्रश्न उठ्छ भने विधिको शासनअनुसार कानुनबमोजिम छानबिन भई दोषी भए कारबाही हुने उहाँले बताउनुभयो । कांग्रेसकै पार्टीका नेता भ्रष्टाचारको मुद्दामा जेल गएर अहिले राजनीतिमा नै नरहेका उदाहरण रहेको उहाँले बताउनुभयो । पार्टीभित्र पार्टीको नियमअनुसार बस्नुपर्ने उल्लेख गर्दै मन्त्री सिंहले हामीले कांग्रेसको चरित्रअनुसार काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।पार्टीले गाउँ, पालिका, क्षेत्र र केन्द्रमा बस्नेले तत्तत् ठाउँका विवाद मिलाएर लैजानुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पार्टीमा राम्रो व्यवस्थापन गरेर लैजान नसकेको अवस्थामा झन् बिग्रेर जाने बताउनुभयो ।

नेपालको अहिलेको आर्थिक अवस्था कमजोर भएको भन्दै नेता सिंहले ऋण दियो भन्दैमा जति दियो भने पनि लिने पछि देखाजायगा भनेर बस्नु नहुने बताउनुभयो । कांग्रेस एमाले मिलेर बनेको सरकार भएका कारण प्रधानमन्त्री चीन जाँदा बिआरआईको कार्यान्वयनको सम्झौतामा हस्ताक्षर गर्नु अगाडि केकेमा संशोधन गर्नुपर्छ भन्नेमा साझा अवधारणा बनाइएको उहाँले बताउनुभयो । विकास निर्माणका आयोजनाहरू, जनताका तहमा आदानप्रदानका कुराहरूलगायत साझा कुराहरू तयार गरेका चीनमा पठाइएको बताउँदै उहाँले त्यहाँको पनि के प्रतिक्रिया आउँछ त्यसअनुरूप हुने उल्लेख गर्नुभयो ।

कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पार्टी आफ्नो स्थापनाकालीन आदर्शलाई आत्मसात् गर्दै अघि बढेमा कसैसँग झुक्नु नपर्ने धारणा राख्नुभयो ।

## बिआरआई सबै पक्षको सहमतिमा कार्यान्वयन गरिने

**रासस**
काठमाडौं, १५ मंसिर

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले चिनियाँ परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) सम्बद्ध सबै पक्षको सहमतिमा कार्यान्वयन गरिने बताउनुभएको छ।

चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा चीनको औपचारिक भ्रमण सम्पन्न गरी शनिबार स्वदेश फर्किनुभएकी उहाँले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीमाझ भन्नुभयो "बिआरआई परियोजनाको फ्रेमवर्कमा नेपालले सन् २०१७ मा नै हस्ताक्षर गरिसकेको छ । हाल यसको कार्यान्वयन योजनाबारे छलफल जारी छ । यो नेपाल र चीनबीचको सहमति र समझदारीका साथै नेपालमा पनि सबैको साझा सहमतिका आधारमा कार्यान्वयन हुनेछ ।"

एक प्रश्नको जवाफमा मन्त्री डा राणाले अहिले नेपाल ऋण लिने अवस्थामा नरहेकाले चीन सरकारसँग यसै विषयमा छलफल भएको बताउनुभयो । उहाँले भन्नुभयो "यो परियोजना अनुदानमा कार्यान्वयन गर्न नेपाली काँग्रेसले औपचारिक निर्णय गरिसकेको छ । यो सत्ता साझेदार दल नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई अवगत छ । अनुदानमा नै यो परियोजना कार्यान्वयन गर्न हामीले छलफलहरु गरिरहेका छौँ ।"



नेपाल र चीनबीच सदियौँदेखि घनिष्ठ एवं सम्बन्ध रहेको र यो मैत्रिपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाई जनस्तरमा विस्तार गर्न दुई देशबीच समय-समयमा हुने उच्चस्तरीय भ्रमणको आदानप्रदानले महत्वपूर्ण योगदान भएको चर्चा गर्दै उहाँले आफ्नो यो भ्रमण पनि त्यसैको निरन्तरता हो भन्नुभयो । आफ्ना चिनियाँ समकक्षीसँग शुक्रबार भएको भेटवार्ता द्विपक्षीय हितका विविध पक्षका साथै प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणमा केन्द्रित रहेको उहाँले जानकारी दिनुभयो । दुवै देशमा विद्यमान अवसर र सम्भावनाहरूलाई आपसी हितका लागि भरपूर सदुपयोग गर्दै सम्बन्धलाई थप सुमधुर बनाउने विषयमा छलफल भएको उहाँले बताउनुभयो । चिनियाँ विदेशमन्त्रीसँग आफूले चीनसँगको व्यापार, पर्यटन, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक- सामाजिक साझेदारी वृद्धिमा जोड दिएको बताउनुभयो । चिनियाँ पक्षले पनि प्रस्तुत धारणाप्रति सकारात्मक जवाफ दिएको जानकारी परराष्ट्रमन्त्रीले दिनुभयो। साथै उहाँले द्विपक्षीय सम्झौता तथा समझदारीहरुलाई तदारुकताका साथ कार्यान्वयन गर्ने सहमति भएको बताउनुभयो ।यो भ्रमणबाट आपसी विश्वास अभिवृद्धि गर्न मद्दत पुगेको परराष्ट्रमन्त्रीले बताउनुभयो ।

## अंग्रेजी गुरु मोहन ज्ञवालीको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ मंसिर

ए शोभा, शोभा सालो आएको छ । चिया ल्याउ त । एक छिन् ढिला हुन्छ । फेरी शोभा तिमी कहाँ छौ छिटो ल्याउ त । दोस्रो पटकमा चिया आयो । कहिले त तिम्रो दिदी निदाई क्या जौ चिया लिएर आउ भन्ने बाक्य भैमा खस्न नपाउँदै म पनि खुरुर गएर चिया ल्याउँथ्ये साथमा भिनाजुले चिया पिउँदाको साथी पनि मैले लिएर आउँथ्ये ।



२०४९-२०५० सालमा कक्षा ९ र १० कक्षामा विहान ५ बजे अंग्रेजी पढ्न जाँदा का सम्बाद हो भिनाजु गुरु मोहन ज्ञवाली संगको । गुरुले हामीलाई दुई वर्ष नै विहानको पहिलो ट्र्युसन कक्षा हाम्रो समुहलाई सदैव राख्नुहुन्थ्यो । शितलादेवी मन्दिर माथी माटेपानीमा शोभा दिदी र भिनाजु बस्नु हुन्थ्यो । त्यदि वेला दिदी वहिनीहरु सँग म कम बोल्थ्यें । सालो टाठो होस, सबैसँग बोलोस भनेर । कहिले कथा पढ्न लगाउनी त कहिले कविता पाठ गर्न लगाउनु हुन्थ्यो । भिनाजुले द लिटील अफ प्यारोट जस्ता कथा मात्र घोक्न लगाउनु भएन सालोका चिन्ताले हरेक दिन केही न केही सोध्नुहुन्थ्यो । भिनाजुका त्यही मेहनतको फल आज केही लेख्न सक्ने भएको छु । अव ती बाक्य दिमागमा घुम्नु वाहेक अरु केही छैन । आफ्नै मान्छे भएर त होनी स्वरवाटै आफन्त पहिचान गर्ने शक्ति आज सम्झनामा मात्रा रह्यो । पढाई सकेपछि वेलुका कहिले काँही भिनाजुको कोठामा म मात्र जान्थे । उता भित्र एउटा पाइला टेक्न पा छैन सालो बाबु बस् । के खाने बाबु, एक थोप त खाएर जानै पर्छ । अव मलाई ति बाक्यको स्वागत कस्ले गर्दछ । आफन्त भनेपछि दुवो सरी मौलाएर ढपक्कै ढाक्ने भिनाजुको स्वभाव थियो । सकरात्मक सोच र सहयोगी मनले भकारी सरी भरिनु भएको भिनाजु सवैको आँखाको नानी जस्तै हुनुहुन्थ्यो । तर आज सवैलाई छोडेर जानु भयो । त्यसैले जीवनमा घरबाट निस्कँदा, शुभ कार्य होस, अन्य कुनै पनि कार्यमा व्यस्त भए पनि अथवा अन्य कुनै रोग र बिरामीको कारणले होस् श्वास फेरीरहेको जीवनमा मृत्युले छोप्छ । यी त सवै मृत्युका बहाना मात्र हुन् । मृत्यु त्यो सत्य जुन अकाट्य र अवस्यम्भावी छ । जन्म पछि आवज सँगै चलायमन हुन थाल्छ दुई हात । एक हातमा पाँच औला । हातको एउटा औलाको अभावमा कति असर पर्छ त्यही आत्मरुपी हातलाई मात्र थाह हुन्छ ।

त्यसैले मेरो जीवनमा भिनाजु गुरु नङ र मासु सरी टाँसीनु भयो । म सँग मात्र नभै हजारौ भाइ वहिनीहरुको मुटुमा टाँसिनु भएको छ भिनाजु । उनै भिनाजु गुल्मीको थोर्गामा २०२२ असोज २ गते जन्मनु भएको थियो । सम्भवत रामकोट माविवाट शिक्षण पेसा सुरु गर्नु भएको ज्ञवाली भिनाजु २०४३ सालमा अंग्रेजी पढाउन भद्रकालीमा प्रवेश गर्नु भएको थियो । भद्रकालीको स्वर्ण जयन्ती मनाउने समयमा २०५७ सालमा प्रधानाध्यापक हुनुहुन्थ्यो भिनाजु । उहाँको नेतृत्वमा स्वर्ण जयन्ती भव्य र सम्य भइ सफल भएको भद्रकाली माविका वर्तमान प्रधानाध्यापक यदुराज पगेनीले पोखरापत्रलाई वताउनु भयो । विभिन्न विषयमा स्नात्तक र स्नात्तकोत्तर गर्नु भएको छ ज्ञवाली भिनाजुले । त्यसैले हजारौ विद्यार्थीको माझ लोकप्रिय ज्ञवाली सर हुनु भयो । विद्यार्थीलाई ज्ञान छरेर मात्र नभै ज्ञान दिने शिक्षकलाई पनि सरंक्षण गरी हक अधिकार दिलाउन शिक्षक संघ र युनियनमा सफल नेतृत्व गरी सवै माझ प्रिय रहनु भएको थियो । त्यसैले नेपाल शिक्षक संघका कास्कीका पूर्व अध्यक्ष, नेपाल शिक्षक संघ केन्द्रिय महासचिव, केन्द्रिय अध्यक्ष भई देशभरीका शिक्षकलाई समनताको व्यवहार गर्नु भयो । क्रमै सग नेपाल शिक्षक युनियनको पनि महासचिव हुँदै अध्यक्ष भएर सफल कार्यकाल विताउनु भयो । हरेक जिल्लामा आँखामा राखे पनि नविझाउने स्वभाव थियो भिनाजुको । उनै भिनाजु २०८१ साल मंसिर १४ गते शुक्रवार ५९ वर्षको उमेरमा काठमाडौमा भएको निधनले मर्माहत वनाएको छ । तर उहाँको अमूल्य योगदान र मार्गनिर्देशनको स्मृतिसँगै उहाँ हामीमाझ सदैव जीवित रहनु हुनेछ। भिनाजुको शनिवार नै पशुपतीमा धार्मिक परम्परा अनुसार अन्तिम दाहसंस्कार गरियो । दाहसंस्कारमा, समाजसेवी, दाजुभाई, आफन्त, शुभचिन्तकहरु र विभिन्न संघ संस्थाका सदस्यहरुको बक्लो उपस्थिति रहेको थियो । यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजन र आफन्तजनलाई वेदना सहज गरी धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान् गरुन भनी हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

## पोखरामा सडक दुर्घटनामा परी एक महिलाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १५ मंसिर

पोखरामा सडक दुर्घटनामा परी एक महिलाको मृत्यु भएको छ।

पोखरा २५ हेमजा शुक्रबार करिब ७:१५ बजे घान्द्रुकबाट पोखरातर्फ आउँदै गरेको ग २ ख १४६० नम्बरको ट्रकले आईचर ट्रकले ठक्कर दिदा रुकुम पश्चिम घर भई हाल पोखरा याम्दी बस्दै आउनु भएको ५५ वर्षीया धनकुमारी बुढाको उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

सडक दुर्घटनामा परी गम्भिर घाईते हुनु भएको बुढाको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा, निर्धक्क भई मतदान गर्न आयोगको आग्रह

**रासस**
काठमाडौं, १५ मंसिर

स्थानीय तहको उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ। निर्वाचन आयोगले आइतबार बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान हुने र निर्वाचन हुने वडामा मतदाता नामावलीमा आफ्नो नाम समावेश भएको मतदान केन्द्रमा उपस्थित भई रोजेको उम्मेदवारको निर्वाचन चिन्हमा निर्धक्क भई मतदान गर्न सम्पूर्ण मतदातालाई आग्रह गरेको छ।

मतदातालाई मताधिकारको उपयोग गर्न सहजता प्रदान गर्ने अभिप्रायले मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बरको

बाँकी अन्तिम पृष्ठमा ▶▶

# स्याङ्जाको राक्सेघाट र पवैखोलामा पुल बन्ने

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर

बर्खाको समयमा आवातजावतमा समस्या हुने स्याङ्जाका दुई वटा खोलामा मोटरेबल सडक पुल बन्ने भएको छ।

पुतलीबजार नगरपालिका ५ स्थित पवैखोला र विरुवा गाउँपालिका १ र ८ जोड्ने राक्सेघाट खोलामा मोटरेबल पुल बन्ने भएको हो। दुवै पुलको गण्डकी सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले शनिबार शिलान्यास गरेका छन्। पुलको शिलान्यासपछि बोल्दै भौतिक मन्त्री केसीले वर्षौंदेखि नबनेको पुल प्रदेश सरकार आएकैले बनेकाले यो खुसीको विषय भएको बताए। धेरैले प्रदेश सरकारको औचित्यमाथि प्रश्न उठाउने गरेको तर जनताले प्रदेश सरकारको महत्व विस्तारै बुझ्न थालेको उनले जिकिर गरे। 'धेरैले प्रदेश सरकार काम छैन भनेर सामाजिक सञ्जालतिर लेखेको देख्छु। तर, प्रदेश सरकार नभएको भए पुल बन्न कति समय लाग्थ्यो,' पवैखोलाको पुल शिलान्यास गर्दै मन्त्री केसीले भने, 'त्यसैले प्रदेश सरकार आवश्यक छ वा छैन भन्ने जनताले बुझ्नुभएको छ।'

पुल निर्माण समयमै सक्न र गुणस्तरमा कुनै कमजोरी नगर्न मन्त्री केसीले निर्माण व्यवसायीलाई आग्रह गरे। संघमा प्रधानमन्त्री केपी शर्मा ओली र गण्डकीमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकार जनताका आधारभूत आवश्यकता, पूर्वाधार निर्माणमा सक्रिय रहेको बताए।



बाडखोला पवैगौंडे टक्सार दुलेगौंडा सडकखण्डमा पर्ने राक्सेघाट खोलामा चार करोड ९२ लाख ७१ हजार रुपैयाँ लागतमा मोटरेबल पुल बन्न लागेको हो। बेलधारी-मेथाभुरुङ-सुन्तलाबारी-त्रियासी सडकखण्डको पवैखोलामा बन्न लागेको पुलको लागत एक करोड ८६ लाख ९२ हजार रुपैयाँ रहेको पूर्वाधार कार्यालय स्याङ्जाका प्रमुख दयाराम अधिकारीले जानकारी दिए। राक्सेघाट खोला पुलको निर्माण २०८२ साल फागुन १२ गतेसम्म सक्ने सम्झौता निर्माण कम्पनी हिमनिर्माण सेवा काठमाडौंले पूर्वाधार विकास कार्यालय स्याङ्जासँग सम्झौता गरेको छ। त्यस्तै पवैखोलाको पुल २०८२ साल साउन ६ गतेसम्म सक्ने सम्झौता छ। यो पुल निर्माणको ठेक्का राङखोला सिद्धबाबा निर्माण सेवाले पाएको प्रमुख अधिकारीले बताए। राक्सेघाट खोला पुलको शिलान्यासपछि बोल्दै प्रदेश सभा सदस्य सीताकुमारी सुन्दासले आफूहरुले चुनावमा गरेको प्रतिबद्धता पुरा गरेको बताइन्। 'म चुनावमा यहाँ गाउँमा आएको थिएँ। त्यतिबेला एकजना बुवाले यो खोलामा पुल कहिले बन्छ भनेर सोध्नुभएको थियो। बनाउने हो भनेकी थिएँ। चुनावमा गरेको प्रतिबद्धता पूरा भएको छ,' उनले भनिन्। प्रदेश सभा सदस्य कल्पना तिवारीले पुल बनेपछि स्थानीयले वर्षौंदेखि खेप्नुपरेको सास्ती हट्ने भन्दै खुसी व्यक्त गरिन्। उनले बेलधारी मेथाभुरुङ सुन्तलाबारी त्रियासी सडकको स्तरोन्नति छिटो गर्न आवश्यक रहेको बताइन्।

पवैखोला पुलको शिलान्यासपछि बोल्दै सार्वजनिक लेखा समितिका सभापति सुधीरकुमार पौडेलले बाडखोला पवैगौंडे हुँदै कास्की र तनहुँ जान सजिलो हुने भएकाले केही ठाउँमा थप लगानी गर्न आवश्यक रहेको बताए। उनले सडकखण्डको चार किलोमिटर स्तरोन्नति गर्न बजेट विनियोजन गरिदिन आग्रह गरे। नेकपा एमाले र नेपाली कांग्रेस नमिल्दा अस्थिरता, अराजकताको अवस्था पैदा भएको उनले बताए। दुई ठूला दल मिलेकाले विकास निर्माणको काम द्रुत गतिमा अघि बढिरहेको उनको भनाइ थियो।

राप्रपा प्रदेश सभा संसदीय दलका नेता पञ्चराम गुरुङले पुल एउटा मात्र राजनीतिक दलको पहलमा नभई सबैको पहलमा भएको बताए। बाडखोला पवैगौंडे सडकमा केही ठाउँमा सडक स्तरोन्नति अति आवश्यक रहेको उनको भनाइ थियो। उनले सडकखण्ड फराकिलो बनाउन बजेट विनियोजन गरिदिन प्रदेश सरकारलाई आग्रह गरे।

राक्सेघाट खोला ३१.२ मिटर लम्बाइ र ८.४ मिटर चौडाइको बन्ने छ। पवैखोला पुलको लम्बाइ १५.६ मिटर र चौडाइ ८.४ मिटरको रहने पूर्वाधार कार्यालय स्याङ्जाका प्रमुख दयाराम अधिकारीले जानकारी दिए।

# प्रेम-शान्ति आख्यान पुरस्कारबाट दीपक समीप पुरस्कृत

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर



साहित्यकार दीपक समीप 'प्रेम-शान्ति आख्यान पुरस्कार २०८१' बाट सम्मानित भएका छन्। शनिवार पोखरामा आयोजित कार्यक्रममा साहित्यकार सरुभक्तले समीपलाई नगद १० हजार रुपियाँसहित दोसल्ला र सम्मानपत्र प्रदान गरे। नेपाली साहित्यको आख्यान विधामा विशेष योगदान पुऱ्याएको भन्दै लमजुङ-पोखरा सम्पर्क समितिले समीपलाई सो पुरस्कार अर्पण गरेको हो।

मूलतः गजलकार र मुक्तककार रूपमा स्थापित समीपले पुरस्कारले आफूलाई आख्यानका क्षेत्रमा थप मिहिनेत गर्ने प्रेरणा प्राप्त भएको बताए। समीपका भूगोलभित्र नकोरिएको देश (गजल सङ्ग्रह, २०६२), अक्षर अक्षरमा देश (मुक्तक सङ्ग्रह, २०७८) र नदीको राजमार्ग (लघुकथा सङ्ग्रह, २०८०) प्रकाशित छन्।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले विश्व साहित्यमै लोकप्रिय भएर पनि आख्यानका क्षेत्रमा लाग्ने व्यक्तिको कमी भएको बताए। आख्यानका क्षेत्रमा दिइने सम्मान र पुरस्कारको समेत अभाव भएको समयमा लमजुङ-पोखरा सम्पर्क समितिले आख्यानका क्षेत्रमा लाग्नेहरूका लागि पुरस्कार सञ्चालन गर्नु प्रशंसनीय भएको धारणा सरुभक्तको थियो। दीपक समीपलाई आफूले पचासको दशकको सुरुदेखि नै एक सक्रिय साहित्यकारका रूपमा चिन्दै आएको बताउँदै सरुभक्तले समीपलाई पुरस्कार दिएर समितिले योग्य प्रतिभा छनोट गरेको बताए। पुरस्कार संस्थापक प्रेमकुमारी गुरुङले आफू पनि साहित्यमा रुचि राख्ने व्यक्ति भएकाले साहित्यकारलाई प्रोत्साहन गर्नुपर्छ भन्ने मनसायले पुरस्कार स्थापना गरेको बताइन्। उनले समयक्रममा पुरस्कारको अक्षयकोषमा रकम थप्दै जाने प्रतिबद्धतासमेत व्यक्त गरिन्।

लमजुङ-पोखरा सम्पर्क समितिका अध्यक्ष कृष्ण गिरीको अध्यक्षतामा भएको कार्यक्रममा गायिका हरिदेवी कोइराला, कवि रमेश श्रेष्ठ, संस्थाका पूर्व अध्यक्ष दीपकराज घिमिरे, प्रतिभा छनोट समितिका सदस्य लक्ष्मण थापा, नेपाली लेखक सङ्घ, गण्डकी प्रदेशका अध्यक्ष डा. ईश्वरमणि अधिकारी, सञ्चारकर्मी दीपेन्द्र श्रेष्ठ, पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेललगायतलेशुभकामनादिएका थिए। साहित्यकार दीपक समीपले यसअघि राष्ट्रव्यापी उत्कृष्ट लघुकथाकार (२०५४), राष्ट्रव्यापी उत्कृष्ट लघुकथाकार (२०५५), खुला मुक्तक प्रतियोगितामा प्रथम (२०५५), गजल साधना सम्मान (२०६३), समता काव्य सम्मान (२०६६), शिल्पी साहित्य सम्मान (२०६६), स्रष्टा साहित्य चौतारी पुरस्कार (२०६८), गजल प्रतिभा पुरस्कार (२०६९), अक्षरयात्रा सम्मान (२०७०), गजल सन्ध्या सम्मान (२०७०), मुक्तक मञ्च पोखरा सम्मान (२०७३), गजल मञ्च मकवानपुर सम्मान (२०७४), लेखक कृति पुरस्कार (२०७९), बहादुरानन्द स्मृति मुक्तक सम्मान (२०८०), अभिलेख सम्मान (२०८१) प्राप्त गरिसकेका छन्।

साहित्यकार कल्याण पन्तको संयोजकत्वमा साहित्यकार लक्ष्मण थापा र संस्थाका अध्यक्ष कृष्ण गिरी सदस्य रहेको छनोट समितिले समीपलाई पुरस्कारका लागि चयन गरेको थियो।

हरेक दुई दुई वर्षमा प्रदान गरिने उक्त पुरस्कार यसअघि कथाकार मन्दिरा मधुश्रीलाई अर्पण गरिएको थियो। कल्याण पन्तको सञ्चालनमा भएको कार्यक्रममा उपाध्यक्ष ईश्वर चिलुवालले स्वागत गरेका थिए।

# पोखरामा...

उपचारको क्रममा मणिपाल शिक्षण अस्पतालमा शुक्रबार बेलुका ७:५५ बजे चिकित्सकले मृत घोषणा गरेको जिल्ला ट्राफिक कार्यालय कास्कीले जनाएको छ।

पाँचथर फाल्गुनन्द गाउँपालिका वडा नं. ३ स्थायी घर भई हाल पोखरा १ बगरमा बस्दै आउनु भएको पृथ्वी प्रसाद तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ। जेब्रा क्रसिङमा बाटो काट्ने क्रममा उक्त गाडीले ठक्कर दिएको स्थानियले जनाउनु भयो। सामाजिक अभियान्ता गिभिना मगरकी आमा उक्त दुर्घटनामा पर्नु भएको हो।

जेब्रा क्रसिङमा दुर्घटना हुनु गम्भिर लापरवाही भएको स्थानियले गुनासो गर्दै दोषी उपर कार्वाही गर्न माग गर्नु भएको छ।

# 'प्रधानमन्त्रीको चीन भ्रमणबाट नेपालले अधिकतम लाभ लिनुपर्छ'

पोखरापत्र संवाददाता
तनहुँ, १५ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डा स्वर्णिम वाग्लेले प्रधानमन्त्रीको आसन्न चीन भ्रमणका क्रममा नेपालले चीनबाट अधिकतम लाभ लिन सक्नुपर्ने बताउनुभएको छ।

शनिबार दमौलीमा आयोजित पार्टीको जिल्ला भेलामा उपसभापति वाग्लेले चीनमात्रै नभई भारतलगायत बहुपक्षीय निकायबाट सहयोग लिनुपर्ने बताउनुभयो। नेपालमा पूर्वाधारको अभाव खड्किएकाले सहयोगी निकायबाट अनुदान वा ऋण लिनुपर्ने डा वाग्लेको भनाइ छ। "एक प्रतिशत ब्याज भए ऋण नै लिए पनि फरक पर्दैन।



३०/४० वर्षमा रकम फिर्ता गर्नुपर्ने प्रकृतिको ऋण भए स्वीकार्नुपर्छ", उहाँले भन्नुभयो,"केही राजनीतिक दलले चीनबाट ऋण लिनैहुँदैन भन्ने प्रकृतिका अभिव्यक्ति दिनु अपरिपक्व छ। सन्तुलित र परिपक्व हिसाबले नेपाल अगाडि बढ्नुपर्छ।" उपसभापति वाग्लेले मिसन २०८४ को तयारीका लागि अहिलेदेखि नै लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले पार्टी सभापति रबि लामिछाने पक्राउपछि केही तयारीमा ढिलाइ हुँदा आसन्न उपनिर्वाचनमा केही ठाउँमा पार्टीका उम्मेदवार नउठाइएको प्रष्ट पार्नुभयो।

# स्थानीय...

परिचयपत्र वा सवारी चालक अनुमतिपत्रको सक्कल प्रमाणपत्रका आधारमा मतदान गर्नसक्ने व्यवस्था मिलाइएको आयोगले स्पष्ट पारेको छ तर त्यस्ता मतदाताको आयोगबाट प्रकाशन भएको अन्तिम मतदाता नामावलीमा नाम भने समावेश भएको हुनुपर्नेछ।

निर्वाचन सुरक्षामा असर नपर्नेगरी मतदाताको सहजताका लागि मतदानस्थलको निश्चित क्षेत्रबाहेक यातायात सञ्चालनको उपयुक्त प्रबन्ध गर्न गृह मन्त्रालयमार्फत सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन भइसकेको आयोगको भनाइ छ। मतदान हुने सम्बन्धित स्थानीय तह र वडामा सार्वजनिक बिदाका लागि आयोगले सम्बन्धित निकायलाई यसअघि नै अनुरोध गरिसकेको छ। मतदान कार्य सञ्चालन गर्न खटिएका मतदान अधिकृत र कर्मचारीलाई आफ्नो कर्तव्यपालन गर्न, मतदातालाई भयमुक्त वातावरणमा मतदान गर्ने व्यवस्था मिलाउन अनुरोध गरेको आयोगका सहसचिव एवम् प्रवक्ता नीता पोखरेल अर्यालले बताउनुभयो। आयोगले मतदान केन्द्रमा शान्त र सहिष्णु वातावरण कायम राख्दै मतदान कार्यलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्ने/गराउने कार्यमा सबै राजनीतिक दल, मतदाता, उम्मेदवार, सञ्चारकर्मी, पर्यवेक्षकलगायत सबै सरोकारवालासँग सहयोगको अपेक्षा गरेको छ।

आयोगले मतदानमा अवाञ्छनीय प्रभाव पार्ने वा पार्न प्रयत्न गर्ने कार्य भए गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरी मतदान कार्यलाई निर्बाध रूपमा सम्पन्न गर्न सम्बद्ध निकायहरूलाई निर्देशनसमेत दिएको छ।


## भ्रष्टाचार र अनियमितता बिरुद्ध जुटौं

- घुस लिने र दिने दुबै अपराधी हुन्,
- भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
- सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
- भ्रष्टाचार र अनियमितता बिरुद्ध आवाज उठाऔं,
- भ्रष्टाचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा ८, सभागृहचोक
फोन नं. : ०६१-५८०७९६, ५४४७९५

## १२ औं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशन सम्बन्धी सूचना

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८१/०८/०१ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको **बाह्रौं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशन** निम्न मिति, समय र स्थानमा तपसीलका विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरुमा अनिवार्य उपस्थितिको लागि विनम्र अनुरोध गर्दछौं।

**कार्यक्रम** :
**मिति** : **२०८१ मंसिर २९ गते, शनिवार**
**समय** : **बिहान ८:०० बजे**
**स्थान** : **फिस्टेल क्याटरिङ एण्ड पार्टी प्यालेस, पोखरा-६, जरेबर स्ट्रिट नं. ३६, पोखरा (बुलौंदी ओरालोबाट करिब १० मिटर अगाडि बाँयापट्टि)**
**सम्पर्क नं**: ०६१-५८०७९६, ५४४७९५, ९८५६०८०७९६ र ९८०५२४१७९५

**छलफलका विषयहरू** :
१. संचालक समितिको तर्फबाट सचिवको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा।
२. आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा।
३. कोषाध्यक्षको तर्फबाट आ.व.२०८१/०८२ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित सम्बन्धमा।
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकबाट प्रस्तुत प्रतिवेदन सम्बन्धमा।
५. आ.व. २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा।
६. निर्वाचन नीति एवं आचार संहिता (२०७४) संसोधन र पारित सम्बन्धमा।
७. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नाम चयन गर्ने सम्बन्धमा।
८. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्बन्धमा।
९. विविध।

**नोट** :
- यस वर्ष +२ उत्तीर्ण शेयर सदस्यका छोराछोरीहरुको लब्धाङ्क पत्रको प्रतिलिपि यही मिति २०८१/०८/२१ गते भित्र कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछै।
- उपस्थित शेयर सदस्यहरुका लागि खाजा, खाना र यातायात खर्चको पनि व्यवस्था गरिएको जानकारी गराईन्छ।

**संचालक समितिको आज्ञाले**
**ज्ञान प्रसाद अर्याल**
**सचिव**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# अन्तर्राष्ट्रिय मामिलामा साझा राष्ट्रिय दृष्टिकोण

नेपालका फरकफरक सिद्धान्त अंगालेका दलहरूले अन्तर र्राष्ट्रिय मामिलामा साझा राष्ट्रिय दृष्टिकोण तयार गर्ने सुखद् प्रक्रिया आरम्भ गरेका छन् । चिनियाँ परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई)का विषयमा सत्तारूढ एमाले र कांग्रेसबीच सहमति जुटाएका छन । बीआरआईको कार्यान्वयनका सन्दर्भमा नेपालका प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस र नेकपा(एमाले)ले साझा धारणा बनाएको दुवै दलका नेताहरूले उल्लेख गरेका छन् । बीआरआई अन्तर्गतको चिनियाँ सहयोग परिचालनका सन्दर्भमा साझा फ्रेमवर्क तयार भएसँगै परियोजना कार्यान्वयनमा सहजता हुने सत्तारूढ दलका नेताहरूले विश्वास व्यक्त गरेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणमा बिआरआई विषयले चर्चा पाएको छ । चर्चामा रहेको र धेरै गिजोलिएको विषयमा सहमतिले सार्थकता पाउने भएको छ । यस सहमति पाएसँगै नेपालको विकासमा चिनियाँ सहयोग परिचालनमा तीव्रता आउने एमाले', महासचिव शंकर पोखरेलको विश्वास छ ।, 'बीआरआईका सन्दर्भमा लामो समयदेखि पक्ष र विपक्षमा बहस भएका थिए । प्रमुख दुई प्रमुख दलहरूबीचको सहमतिले अन्तर्राष्ट्रिय मामिलामा साझा राष्ट्रिय दृष्टिकोण तयार गर्ने सुखद् प्रक्रिया आरम्भ भएको मान्न सकिन्छ ।'

प्रधानमन्त्री ओली यही मंसिर १७ गते चीन भ्रमणमा जाँदैछन् । भ्रमणको एक प्रमुख विषय बीआरआई पनि हो । बीआरआईका विषयमा सत्तारूढ प्रमुख दलबीच रहेका फरक बुझाइलाई साझा पार्ने काम गरेका छन् । यसका लागि कार्यदल नै बनाइएको थियो । कार्यदलमा कांग्रेसबाट महामन्त्री गगन थापा, एमालेबाट प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल र आर्थिक तथा विकास मामिला सल्लाहकार युवराज खतिवडा थिए । कार्यदलले बीआरआई ऋण नभइ अनुदानमा पहल गर्ने समझदारी जुटाएको छ । कार्यदलमा जुटेको सहमतिबारे शनिबार बालुवाटारमा शीर्ष नेताहरूलाई जानकारी समेत गराइएको छ । कांग्रेस-एमाले बीआरआई अघि बढाउन 'ऋण' भन्ने शब्द उल्लेख नगरी अघि बढाउन सहमत भएका छन । 'कार्यदलको मिहिनेतले बीआरआईको राम्रो मस्यौदा बनेको छ । त्यसका आधारमा चिनियाँ पक्षसँग छलफल भएर निष्कर्ष पुग्ने कामले कांग्रेस एमालेबीच सहमति भएपछि चीनले 'लचकता साथ सहमति' जनाउने नेपाली पक्षको विश्वास छ । तेस्रो पटक प्रधानमन्त्री भएपछि पहिलो चीन भ्रमण गर्न लागेका ओलीले चीनसँग 'गेम चेन्जिङ' परियोजनामा सहमति चाहे पनि ठोस आकार आइसकेको थिएन । बहुचर्चित बीआरआईअन्तर्गत पूर्वाधार परियोजना अघि बढाउन सहमति हुने संभावना भएपछि उनी उत्साही देखिएका छन ।

काठमाडौंमा तयार भएको बीआरआई मस्यौदा बेइजिङ पुगेर चिनियाँ पक्षले अध्ययन गरिरहेको छ । प्रधानमन्त्री बेइजिङ पुग्नअघि नेपाल चीनबीच सहमतिको मस्यौदा तयार भइसक्ने नेपालको विश्वास छ । परराष्ट्रमन्त्री आरजु देउवाले चिनियाँ विदेशमन्त्री वाङ यीसँग संवाद गरी शनिबार स्वदेश फर्केकी छन् । प्रधानमन्त्री ओलीको चीन भ्रमण र सहमति हुने संभावित विषय बीआरआई सहमतिलगायत विषयमा दुई विदेशमन्त्रीबीच भेटवार्ता भएको थियो । आफ्नो भेटवार्ताबारे राणाले शनिबार ओलीलाई जानकारी गराएकी छन् । चीनले बीआरआईअन्तर्गत नेपालमा पूर्वाधार विकास, व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल, आर्थिक, सामाजिक साझेदारी, ट्रान्स हिमालयन मल्टी डाइमेस्नल कनेक्टिभिटी नेटवर्क अघि सारेको छ ।

दुई दलबीच सहमति भएको मस्यौदामा पूर्वाधार निर्माणलाई मुख्य प्राथमिकतामा राखेर तयार गरिएको छ । यसअघि चिनियाँ पक्षले तयार गरेको बीआरआई दस्तावेजमा राजनीतिक अर्थ लाग्ने 'सिद्धान्त, विचार, अवधारणा' जस्ता शब्दको सट्टा पूर्वाधार शव्दा राखी नेपाली पक्षले मस्यौदा तयार गरेको छ । बीआरआईसम्बन्धी सम्झौताको दस्ताबेज टुंगो लागेसागै चीनसँग प्रस्ताव गरिने पूर्वाधार, सहरी विकास र कनेक्टिभिटीसँग सम्बन्धित एक दर्जन परियोजनाको सूची तयार गरेको छ । नेपाल पक्षले टोखा-खहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडक, किमाथांका-खाँदबारी सडक र पुल, जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग, काठमाडौं-हेटौंडा पोडवे, अमरगढी सिटी हल, जिलोङ-केरुङ-रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, काठमाडौं उपत्यका प्रसारण लाइन स्तरोन्नति, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथलेक्टिस कम्प्लेक्स परियोजना अघि सार्ने तयारी गरेको छ । सहमतिमा कुनै फेरबदल नभए प्रधानमन्त्री ओलीको चीन भ्रमणले नेपालका दलहरू अन्तर्राष्ट्रिय मुद्दामा साझा धारणा बनाउन सक्छन भन्ने मान्यता स्थापित हुनेछ ।

# महायज्ञबाट ६४ लाख संकलन

पोखरापत्र संवाददाता
बागलुङ, १५ मंसिर

प्रसिद्ध गाजा दहलाई पर्यटकीय गन्तव्यका रुपमा प्रचार गर्दै स्थापित गर्न गत शनिबारदेखि सञ्चालन भएको श्रीमद्भागवत् ज्ञान महायज्ञको शुक्रबार समापन गरिएको छ ।

सिद्धबराह मन्दिर संरक्षण समितिको आयोजनामा महायज्ञ आयोजना गरिएको थियो ।

महायज्ञबाट रु ६४ लाख दान सङ्कलन भएको महायज्ञ मूल आयोजक समितिका प्रचारप्रसार संयोजक दिलीप प्रतेलले जानकारी दिनुभयो । महायज्ञको व्यवस्थापनलगायत काममा रु २० लाखभन्दा धेरै खर्च भएको अनुमान छ । महायज्ञमा शिवदत्त रेग्मी प्रमुख वाचकको भूमिकामा रहनुभएको थियो ।

जैमिनी संकृतन समूहले भजनको व्यवस्थापन मिलाएको थियो । महायज्ञ सफल बनाउन जैमिनी नगरपालिकाले काठेखोलातर्फको चापाखर्कदेखि गाजा दह र कुश्मीसेरादेखि दमेक हुँदै गाजा दहसम्मका सर्वसाधारणलाई पालैपालो महायज्ञस्थलमा उपस्थित गराएको थियो ।

गाजा दह समुन्द्री सतहदेखि दुई हजार चार सय ६० मिटर उचाइमा छ । चिसो मौसम र भौगोलिक कठिनाइका कारण महायज्ञमा अनुमान गरेजस्तो भक्तजनको उपस्थिति नभएको मूल आयोजक समितिले जनाएको छ ।

# 'घरमा सुत्केरी हुनेको सङ्ख्या शून्य'

पोखरापत्र संवाददाता
बागलुङ, १५ मंसिर

बागलुङको बरेङ गाउँपालिकामा घरमा सुत्केरी घरमा सुत्केरी हुनेको सङ्ख्या शून्य भएको छ । गाउँपालिकाले प्रत्येक वडामा बर्थिङ सेन्टर स्थापना गरेपछि दुई वर्षदेखि बरेङ 'शून्य होमडेलिभरी' बनेको हो । आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिकाले पाँचवटै वडाका स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर स्थापना गरेपछि गर्भवती सुत्केरी हुनका लागि स्वास्थ्य संस्थामै आउने गरेका छन् ।

महिलामा स्वास्थ्य सचेतना बढ्दै गएपछि कोही पनि गर्भवती महिला घरमा सुत्केरी नहुने बरेङ गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख पदमबहादुर पुनले जानकारी दिनुभयो । गाउँपालिकाले 'शून्य होमडेलिभरी' बनाउनका लागि कार्यविधिनै बनाएर लागेको जनाउँदै प्रत्येक महिना स्वास्थ्यकर्मी गर्भवतीका घरमा पुगेर गर्भ जाँच गर्ने र परिवारका सबै सदस्यलाई समेत सचेत गराउने गरेको उहाँको भनाइ छ । गाउँपालिकाले स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई सरकारले दिन २८ यसबाहेक थप रु एक हजारदेखि रु तीन हजारसम्म यातायात खर्च दिने गरेको प्रमुख पुनले बताउनुभयो । गत वर्ष पालिकाभर एक सय ३३ जनामा गर्भवतीमध्ये ७० जना गाउँपालिकाभित्रको बर्थिङ सेन्टरमा र अन्य सुविधा सम्पन्न अस्पतालमा पुगेर सुरक्षित सुत्केरी भएको उहाँको भनाइ छ । गाउँपालिकाले 'पोषिलो नाङ्लो' कार्यक्रममा र 'पोषिलो झोला' कार्यक्रम सञ्चालन गरेपछि स्वास्थ्य संस्थामै सुत्केरी हुनुपर्छ भन्ने चेतनाको वृद्धि भएको पुन बताउनुहुन्छ । "पहिला घरमै सुत्केरी हुने चलन थियो, अहिले त्यो पूर्णरुपमा अन्त्य गरेका छौँ, यस वर्ष 'पोषिलो झोला' कार्यक्रम छ, यस कार्यक्रममा झोलामा सुत्केरी महिलालाई चाहिने पोषिलो खाने कुरा हुन्छ, स्वास्थ्य चेतनासम्बन्धी किताब र पोस्टर हुन्छन्, अर्को 'पोषिलो नाङ्लो' कार्यक्रम पनि छ, यो कार्यक्रमअन्तर्गत सुत्केरीलाई एक नाङ्लो पोषिलो र स्वास्थ्यवर्द्धक स्थानीय उत्पादन दिने गरेका छौँ", उहाँले भन्नुभयो ।प्रमुख पुनले गाउँपालिकाभित्रको स्वास्थ्य संस्थामा सुत्केरी हुने नसक्ने र शल्यक्रिया गर्नुपर्ने महिलालाई थप रु पाँच हजार हजार यातायात खर्च दिने गरेको बताउनुभयो ।

वडामै पुगेर भिडियो एक्सरे गर्दानै सामान्य सुत्केरी हुने र शल्यर्क्रिया गर्नुपर्छ कि पर्दैन भन्ने थाहा हुने हुँदा त्यहीअनुसार गर्भवतीलाई जानकारी गराउने उहाँको भनाइ छ । बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले 'शून्य होमडेलिभरी' बनाउनका लागि सबै स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी र आवश्यक उपकरण तथा औषधि व्यवस्थापन गरेको बताउनुभयो । आर्थिक अवस्था कमजोर भएर कारण घरमै सुत्केरी हुने महिलालाई गाउँपालिकाले आर्थिक सहयोग गरेर स्वास्थ्य संस्थामा ल्याउने काम गरेको उहाँको भनाइ छ ।

# स्व रेग्मीको योगदानलाई पार्टीले सम्मान गर्छ : स्वास्थ्यमन्त्री पौडेल

पोखरापत्र संवाददाता
दमौली, १५ मंसिर

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले स्वर्गीय मतिकुमारी रेग्मीले मुलुकमा लोकतन्त्रको स्थापनाका लागि पुऱ्याएको योगदानको पार्टीले सम्मान गर्ने बताउनुभएको छ ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-८ निवासी रेग्मीको निधन भएको आज १०औँ दिनको पुण्यतिथिमा आयोजित श्रद्धाञ्जलिमा उहाँले स्वर्गीय रेग्मी र उहाँका परिवारले मुलुकका लागि पुऱ्याएको योगदानलाई भुल्न नमिल्ने बताउनुभयो । मन्त्री पौडेलले आगामी दिनमा पनि रेग्मी परिवार कुनै पनि सङ्कटका बेलामा लोकतन्त्रका पक्षमा सतिसालझैं दृढ उभिने विश्वास व्यक्त गर्नुभयो । मुलुक तथा पार्टीका लागि उहाँको परिवारले पुऱ्याएको योगदानलाई उच्च मूल्याङ्कन गर्दै स्वर्गीय रेग्मीले देखाएको बाटो अवलम्बन गर्नुपर्नेमा मन्त्री पौडेलको जोड थियो । शोकसभामा नेपाली काग्रेस जिल्ला उपसभापति देवकुमार श्रेष्ठ, सचिव लक्ष्मीभक्त खनाल, शुक्लागण्डकी नगरसमिति सभापति गोपी गुरुङलगायत सहभागी हुनुहुन्थ्यो ।

# गण्डकी जी आई वायर एण्ड मेटल इन्डष्ट्रीजको वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर



गण्डकी जी आई वायर एण्ड मेटल इन्डष्ट्रीज प्रा.लि.को दोश्रो वार्षिकोत्सव सम्पन्न भएको छ । वार्षिकोत्सव समारोहको उद्घाटन गर्दै गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले उद्योगहरु विस्थापित भइरहेको अवस्थामा युवाहरुद्धारा सञ्चालित उद्योग दोश्रो वर्ष पार गरेकोमा खुसी ब्यक्त गरे ।

उद्योग सञ्चालनले युवाहरुलाई स्वदेशमै स्वरोजगार गर्ने र अन्यलाई रोजगार गर्ने भएकाले गण्डकी प्रदेश सरकारले लोकाहा र पुँडीटारमा औधोगिक क्षेत्र सञ्चालन गर्न लागेको समेत वताए । उद्यमीहरुलाई बैंकले सहुलियत दरमा ब्याज कायम गराउन तर्फ समेत गण्डकी प्रदेश सरकारले आग्रह गर्दै आइरहेको उनको भनाइ रहेको थियो । गण्डकी प्रदेश निर्माण ब्यवसायी संघ अध्यक्ष टंक प्रसाद अधिकारीले आफुहरु निर्माण ब्यवसायी भएकाले उद्योग सञ्चालकहरु संग सहकार्य गरेर अगाडी वढ्ने बताए । सरकारले निर्माण व्यवसायीहरुलाई लक्षित गरी विभिन्न कार्यक्रमहरु ल्याउनुपर्नेमा समेत जोड दिए ।

पोखरा औधोगिक क्षेत्रका कार्यालय प्रमुख हिमालय भण्डारीले युवा व्यवसायीहरुले औधोगिक क्षेत्रमा जिआइ वायर उद्योग सञ्चालन गरेर आफुहरुलाई हौसला प्रदान गरेको बताए । सम्पूर्ण युवाहरु मिलेर नै देशमा केही योगदान गर्न समेत उनको आग्रह रहेको थियो ।

पोखरा औधोगिक क्षेत्र उद्योग संघका अध्यक्ष रुद्रलाल श्रेष्ठले अहिलेको अवस्थामा युवाहरु पलायन भइरहदा युवाहरुद्धारा उद्योग सञ्चालन गरेर युवाहरुले गरेको उद्योग पनि सफल हुन्छ है भन्ने सन्देश प्रदान गरेको बताए ।

वार्षिकोत्सवको अवसरमा उत्कृष्ट चारजना व्यवसायीहरुलाई सम्मान गरिएको थियो । सम्मानित हुनेमा कर्ण विल्डर्सका नबिन गुरुङ, सिम्रन कन्स्ट्रक्सनका बल बहादुर राना मगर, आई डी कन्स्ट्रक्सनका ध्रुब भट्टराई र कन्स्ट्रक्ट नेपालका बम बहादुर थापा रहेका छन ।

सम्मानितहरुलाई गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्याल, गण्डकी जी आई वायर एण्ड मेटल इन्डष्ट्रीज प्रा.लि.का अध्यक्ष मोहन प्रसाद ढकाल, प्रालिका सञ्चालक लगायतले सम्मान गरेका थिए ।

कम्पनीका एमडी प्रतीक अधिकारीको ब्यवस्थापनमा सम्पन्न कार्यक्रममा विभिन्न जिल्लाका पूर्वाधार निर्माण, सिचाइ, महानगर प्राविधिक, निर्माण व्यवसायी, सञ्चारकर्मी लगायतका उपस्थिती रहेको थियो । प्रालिका अध्यक्ष मोहन प्रसाद ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कम्पनीका सञ्चालक शंकर प्रसाद अधिकारीले स्वागत मन्तब्य राखेका थिए ।

# घार्मीको ओमकारेश्वरमा बालाचतुर्दशी पर्व

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर



पोखराको धार्मिक पर्यटकीय स्थल घार्मीमा बालाचतुर्दशी पर्व धुमधामका साथ मनाइएको छ ।

पोखरा महानगरपालिका वडा नं १९ घार्मीस्थित मणिमा रहेको ओमकारेश्वर महादेव मन्दिर परिसरमा सयौं भक्तजनको सहभागितामा सद्बिज छरेर बालाचतुर्दशी पर्व मनाईएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराज पौडेलले जानकारी दिनुभयो । बिभिन्न ध्वजा पताका र तोरणले सजिएको मन्दिरमा सद्बिज छर्न र दर्शनका लागि विहानै देखि भक्तजनको भीड लागेको थियो । रूद्री पुजा गरिसकेपछि मात्रै सद्बिज छर्ने धार्मिक परम्परा भएपनि विहानै भक्तजनको भीड लागेको स्थानीय प्रेम बहादुर जिसीले जानकारी दिनुभयो । स

थानीय जाडुमुनी निवासी विष्णु प्रसाद पौडेलको घरबाट विधिपूर्वक पूजा आजा गरि निकालिएको फुलको डोली बाजा गाजा र भजन किर्तन सहित विभिन्न भागको परिक्रमा गरी मन्दिर परिसरमा पुर्याइएको थियो।फुलको डोली निकाल्दा र बोक्दा मनले चिताएको इच्छा पूरा हुने जनविश्वास रहिआएको छ । त्यस क्षेत्रमा सद्बिज छर्न लामाचौर, बाटुलेचौर, हेम्जा, अर्मला,कुरेचौर,हरिपाउँ,पुरन्चौर लगायतका क्षेत्रबाट भक्तजन आउने गरेको होटल व्यवसायी हिमलाल पौडेल अभिशेकले बताउनुभयो । चोखो नितो गरी शुद्ध भई सद्बिज छर्नाले पितृ उद्धार हुने धार्मिक मान्यता रहेको छ । धार्मिक मेलामा विश्व हिन्दु महासंघ पोखरा १९ , भुमे मैदान भजन समुह र स्थानीय युवाले दिनभर भजन किर्तन गरी सहभागी भक्तजनलाई मनोरञ्जन समेत दिएका थिए। स्थानीय आमा समूहले भक्तजनका लागि पानी तथा प्रसादको व्यवस्थापन गरेका थिए। पछिल्लो समयमा विभिन्न व्यक्ति, संघ संस्थाको सहयोगमा मन्दिरलाई व्यवस्थित र नियमित रूपमा पुजाआजा गरिएको समितिका कोषाध्यक्ष तेजेन्द्र पौडेलले जानकारी दिनुभयो ।

विहानैवाट चलेको सद्बिज छर्ने कार्य र भजन किर्तन साँझ अबेरसम्म जारी रहेको मन्दिरका पुजारी रामचन्द्र पौडेलले बताउनु भयो। त्यहाँ पुग्ने भक्तजनले यस क्षेत्र हिन्दू धर्मावलम्बीको पवित्र भुमि रहेको बताउदै, यसको वृहत्तर विकासको लागि क्षेत्र विकास समिति मार्फत सबैलाई समेट्न सुझाव दिएका छन् । मन्दिर परिसरमा नै रहेको घार्मी भ्यु टावरले त्यहाँ थप आकर्षण थपेको छ ।

पोखराको दृश्य सहित मनोरम अन्नपूर्ण हिमशृखला र माछापुच्छ्रेको दृश्य नजिकैबाट देख्न सकिने उक्त क्षेत्रमा दिनहुँ जसो सयौं पर्यटक पुग्ने गरेका छन् । मन्दिर स्थापना देखि नै बालाचतुर्दशी तथा महाशिवरात्रि पर्व विशेष रूपमा मनाउने गरिन्छ ।

# म्हिगीकोने दम्पतिद्वार विद्यालयलाई आर्थिक सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर



म्हिगीकोने दम्पतिद्वार उमा मावि अन्नपूर्ण कास्कीलाई आर्थिक सहयोग गर्ने भएका छन् ।

बीरे म्हिगीकोनेहरुको मंसिर १५ गते शनिवार पोखरा स्थित भुरुङ्दी स्यौँ समाजघर रामघाटमा सम्पन्न ३८ औ सधारण सभामा अन्नपूर्ण गाउँपालिका वडा नं ८ घर भई हाल पोखरा महानगरपालिका भीमकाली पाटन (बगर) निवासी ले. अर्जुन कुमार म्हिगीकोने र उहाँको धर्मपत्नी बिबिमाया म्हिगीकोने गुरुङले श्री उमा माध्यमिक विद्यालय अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्कीको नाममा रु ५ लाखको अक्षयकोष स्थापना गरदिने भएको छ ।

उहाँहरुको यस पुण्य कार्यले विद्यालयको शैक्षिक सुधारमा महत्वपूर्ण टेवा पुग्ने भन्दै विद्यालय परिवार म्हिगीकोने दम्पतिप्रति हार्दिक अभार व्यक्त गरेको उमा माविका प्रधानाध्यापक बुद्धि बहादुर गुरुङले बताउनुभयो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सहकारी पीडीतको रकम फिर्ता गर्न सरकारले प्रक्रिया सुरु गरेको छः उपप्रधान तथा शहकारी मन्त्री सिंह

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर

नेपाल सरकारका उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले सहकारी पीडीतहरुको रकम फिर्ता गर्न सरकारले प्रक्रृया सुरु गरेको बताउनु भएको छ ।

नेपाल प्रेस यूनियन कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उहाँले सहकारीका पीडीतहरुको रकम फिर्ता गर्ने बिषयमा सरकार गम्भिर भएको उल्लेख गर्दै सहकारी पीडीतलाई रकम फिर्ता गर्न प्रकृया सुरु गरेको बताउनु भएको हो । सहकारी ठगी प्रकृयामा जोडिएका ए, बी, सी जो कोहीलाई पनि सरकारले नछाड्ने दाबी गर्दै कानून बमोजिम आवश्यक कार्वाही प्रकृया समेत अघि बढाउने उहाँले जनाउनु भयो । कानुनी शासन भनेको कुनै पार्टी र नेता कसैलाई छुट नहुने कानुनको नजरमा सबै नागरिकलाई समान व्यवहार हुने उपप्रधान तथा शहरी मन्त्री




सिंहको भनाई थियो । प्रकृयामा जादा कसैलाई हामीलाई मात्र कार्वाही भएको भन्नु गलत भएको उहाँको भनाई थियो । सहकारी गठी प्रकरणमा करिब ६ सय जनालाई जेल सहितको आवश्यक कार्वाही भएको उपप्रधान तथा शहरी मन्त्री सिंहले दाबी गर्नु भयो । सहकारी मन्त्रालयबाट सहकारी पिडितहरुको रकम फिर्ता गराउने बिषयमा हाल गृहकार्य भई रहेको उहाँले जनाउनु भयो ।

सरकार प्रकृयामा जादा कसैलाइ काखा कसैलाई पाखा नगरेको दाबी गर्दै उपप्रधान तथा शहरी मन्त्री सिंहले एक समुहले सामाजिक संजालबाट भ्रम फैलाउने काम भई रहेको आरोप लगाउनु भयो ।

अस्थिर सरकार भई रहेकोले देशका दुई ठुला दलहरु मिलेर हाल दिगो स्थायित्व दिनको लागि गठबन्धन भएकोले ले यो सरकार बाहिर हल्ला चलेसरी हाल सरकारी परिवर्तन नहुने उहाँको भनाई थियो । नेपालको आर्थिक सुधारको लागि बिआरआई परियोजना ल्याउनु पर्छ भन्ने मान्यता अनुसार सरकारले अनुदानमा उक्त परियोजना ल्याउन चाहेको उपप्रधान तथा शहरी मन्त्री सिंहले जनाउनु भयो । ऋणको लागि ऋण मात्र लिन राम्रो नहुने बताउदै उहाँले बिआरआई परियोजना अनुदानमै लिन उपयुक्त हुने कांग्रेसको समेत धारणा भएको उहाँले उल्लेख गर्नु भयो । दलहरुको सहमति अनुसार दलहरुको मुख्य एजेन्डा बनायर अघि बढाउनु पर्ने उपप्रधान तथा शहरी मन्त्री सिंहले बताउनु भयो ।

पोखरा बिमानस्थलबाट नियमित अन्तराष्ट्रिय हवाई उडान गर्ने बिषयमा नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान) ले गृहकार्य गरि रहेको उहाँको भनाई थियो । जसरी गौतम बुद्ध अन्तष्ट्रिय बिमानस्थल बिस्तारै संचालन भएको छ पोखरामा पनि संचालन गर्नुपर्ने दाहित्व सृजना भएको उपप्रधान तथा शहरी मन्त्री सिंहले उल्लेख गर्नु भयो । यूनियक कास्कीका कार्यबहाक अध्यक्ष ज्योति हमालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको सचिव सुमन गुरुङले बताउनु भयो ।

# ड्यामसाईड क्लब पोखराको अध्यक्षमा बराल निर्विरोध चयन

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर

ड्यामसाईड क्लब पोखराको अध्यक्षमा रमेश प्रसाद बराल निर्विरोध चयन हुनुभएको छ ।

शनिबार क्लबको १७ औं साधारण सभा तथा १३ औं अधिवेशनले अध्यक्ष बरालको अध्यक्षतामा १३ कार्यसमिति सदस्य निर्विरोध चयन गरेको छ ।

जसमा बरिष्ठ उपाध्यक्ष पुजन थकाली, उपाध्यक्ष नितीन शेरचन(किरण), महासचिव राकेश श्रेष्ठ, सचिव प्रमिन्द्र थापा र कोषाध्यक्षमा सफल थापा चयन हुनुभएको छ । त्यसैगरी सदस्यहरुमा सुनिल हिराचन, प्रकाश गुरुङ, सन्ध्या श्रेष्ठ, बिकास रानाभाट, गम्वीर परियार, प्रकाश गुरुङ र मिराज थापामगर




निर्विरोध चयन हुनुभएको छ ।

नवनिर्वाचित अध्यक्ष बरालले क्लबबाट हालसम्म दर्जनौ राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादन भइसकेको बताउनुहुदै खेल बिकासमा स्थानीयस्तरमा संचालित क्लबहरुको योगदान महत्वपुर्ण रहेको उल्लेख गर्नुभएको थियो । फुटबल खेललाई मुख्य उद्देश्य राखेर करिब तिन दशक अगाडी स्थापना भएको यस क्लबले खेलकुद सँगै सामाजिक कार्यमा पनि आफुलाई समर्पित गर्दै आएको महासचिव राकेश श्रेष्ठले बताउनुभयो । क्लबले नयाँकार्यसमितिको पदस्थापन कार्यक्रम मंसिर २९ गते शनिबार गर्ने तय गरेको छ ।

# मंसिर २५ देखि नेसनल खेलकुद महोत्सव सुरु हुने

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर

१४ औं संस्करणको नेसनल खेलकुद महोत्सव २०८१ मा ४६ बिद्यालयका ८ हजार ५ सय बिद्यार्थीहरु खेलाडीको रुपमा मैदानमा उर्त्रिने भएका छन् ।

यही मंसिर २५ गते देखि सुरु हुने '१४ औं नेसनल खेलकुद महोत्सव' २०८१ को तयारी तिब्र पारिएको शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा आयोजक राष्ट्रिय निजी तथा आवाशिय बिद्यालय एसोसियसन नेसनल प्याब्सन (एन प्याब्सन) कास्कीले जनाएको छ । यहि मंसिर २८ गते सम्म संचालन हुने प्रतियोगितामा विभिन्न खेलमा धेरै खेलाडीहरुको सहभागिता हुने भएकोले गर्दा यही मंसिर २१ गतेबाट अनौपचारिक रुपमा केही खेलहरु हुने भएको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले बताए । "एन प्याब्सन कास्कीको इच्छा, विद्यालय तहमा खेलकुद सहितको शिक्षा" भन्ने मुल उद्देश्यका साथ हुने खेलकुद महोत्सवमा छात्र तर्फ ४ हजार ६ सय र छात्रा तर्फ भने ३ हजार ९ सय खेलाडीहरु मैदानमा उर्त्रिने भएको अध्यक्ष अधिकारीले उल्लेख गरे । एन प्याब्सन कास्कीले आफ्नो '१४ औं नेसनल खेलकुद महोत्सव' अन्तर्गत पहिलो पटक सिनियर कक्षा १-१०




सम्म छात्र-छात्रा ५ किलोमिटर सडक दौड सँगै क्रिकेट, फुटसललाई समावेश गरेको छ भने प्रतियोगिता अन्तर्गत छात्र-छात्रा जुनियर कक्षा १-७ सम्म एथलेटिक्स ट्र्याक एण्ड फिल्डका प्रतिस्पर्धा, ह्याण्डबल, ब्याडमिन्टन र टेबुल टेनिसका खेलहरु हुनेछन् भने सिनियर कक्षा १-१० सम्म छात्र-छात्रा एथलेटिक्स ट्र्याक एण्ड फिल्ड, भलिबल, फुटबल, ब्याडमिन्टन, टेबुल टेनिस, बास्केटबलका प्रतिस्पर्धाहरु हुनेछन् । त्यसै गरी कक्षा ११-१२ अन्तर्गत छात्र फुटसल र बास्केटबल छात्रातर्फ बास्केटबल हुने भएको छ । यसै बिच एन प्याब्सन कास्कीले आफ्नो १४ औं खेलकुद महोत्सवमा च्याम्पियन टिमलाई प्रदान गरिने ट्रफीको अनावरण गरेको छ ।

उक्त ट्रफीको शनिबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले अनावरण गरे । आधा किलो चाँदीको प्रयोग गरी हस्तकलाबाट निर्मित ट्रफीका लागि १ लाख २५ हजार खर्च भएको अध्यक्ष अधिकारीले उल्लेख गरे । प्रतियोगिता अर्न्तगत १ हजार १ सय ५० जुनियर तर्फ छात्र र १ हजार १ सय ५० छात्रा सहागि हुने भएका छन् । सिनियरतर्फ ३ हजार २ सय छात्र र छात्रा तर्फ भने २ हजार ६ सय जना छात्रा सहभागि हुने भएका हुन् । कक्षा ११ र १२ तर्फ २ सय ५० छात्र र १ सय ५० छात्राले प्रतिस्पर्धा गर्ने छन्। सहभागीमध्ये ९ सय २९ जना विद्यार्थी पुरस्कृत हुने छन् । २ सय ५१ स्वर्ण, २ सय ५१ रजत र ४ सय २७ कास्य पदकका लागि विभिन्न मार्च पास सहित १० खेलमा प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको १ लाख भन्दा बढी दर्शकले अवलोकन गर्ने आयोजकको अनुमान छ । औपचारिक उद्घाटन मंसिर २५ गते पोखरा रंगशालामा संघीय खेलकुद मन्त्री तेजुलाल चौधरीले गर्ने भएको बताइन्छ । प्रतियोगिता सम्पन्न गर्न हेमन्त अधिकारीको संयोजकत्वमा मूल आयोजक समिति गठन भएको छ । प्रचार संयोजक प्रेमराज अधिकारी, मार्चपासमा कमलबहादुर मल्ल, समूह खेलमा फुटबलतर्फ अर्जुनप्रसाद पाण्डे, बास्केटबलमा वेदबहादुर श्रेष्ठ, टेबलटेनिसमा शिवराज पौडेल, भलिबल प्रकाशराज वाग्ले, ब्याडमिन्टन ज्ञानेन्द्रबहादुर थापा, क्रिकेट रमेशराज पौडेल, ह्याण्डबलमा अर्जुनप्रसाद अधिकारी, फुटसलमा विष्णुप्रसाद पौडेल, एथलेटिक्समा केशवशरण पौडेल संयोजकमा रहेका छन् । यस्तै, स्वास्थ्य उपचार व्यवस्थापनमा हरिराज अधिकारी, मञ्च सजावट साउण्ड सिस्टममा दीपु भारी, न्यायिक छानबिन तथा निर्णायक उपसमिति संयोजकमा हेमन्त अधिकारी तोकिएका छन् ।

साथै, पुरस्कार व्यवस्थापन उपसमिति संयोजकमा मनकाजी गुरुङ, शान्तिसुरक्षा व्यवस्थापनमा युवक लामिछाने, सचिवालयमा प्रेमराज अधिकारी, खाना, खाजा, पानी तथा अतिथि व्यवस्थापनमा राजु केसी र खेलकुद समन्वय तथा व्यवस्थापन उपसमितिमा राजु कायस्थ संयोजक रहेका छन् । हरेक दुई बर्षमा हुने उक्त खेलकुद महोत्सवले खेलाडी उत्पादन गर्न मद्दत पुग्ने उपाध्यक्ष मनकाजी गुरुङले जनाए । आगामी बर्षमा शैक्षिक मेला आयोजना गरिने भएको सचिव प्रेमराज अधिकारीले बताए ।

# दुर्लुङ तमु समाजको २३ औं साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर

दुर्लुङ तमु समाजले पोखरामा २३ औं साधारण सभा सम्पन्न गरेको छ ।

पोखरा महानगरपालिका २५ तल्लो फेदी (मुलपानी) स्थित आफ्नै समाज भवनमा दुर्लुङ तमु समाजले २३ औं वार्षिक साधारण सभा एवम् २४ औं जन्मोत्सव मनाएको हो ।

उक्त कार्यक्रमको गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले उद्घाटन गरे । सो अवसरमा बोल्दै बस्यालले दुर्लुङ समाजले एकताको सन्देश दिएको धारणा राखे । उनले फरक प्रसंगमा बोल्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पूरा गर्न नागरिक स्तरबाट पनि योगदान दिन जरुरी रहेको बताए ।

उनले नागरिक समाजको गतिविधिले राष्ट्रिय राजनीतिमा प्रभाव पार्ने बताउदै सक्रिय हुनुपर्नेमासमेत जोड दिएका थिए । यस्तै विशेष अतिथिसमेत




रहेका गण्डकी प्रदेश सभा सदस्य भक्त बहादुर कुँवरले समाजको २३ औं वार्षिक साधारण सभाको अवसरमा बधाई तथा शुभकामना अर्पण गरे । उनले सामाजिक भातृत्व कायम गर्न र एक अर्कालाई सहयोग गर्न समाजको आवश्यकता रहने बताए ।

'आफ्नै घर हुँदा हुँदै पनि समाज घर किन आवश्यक परेको होला भनेर मैले महशुस गर्थे, उनले भने, 'हामी जन्म थलो, थाक थलो छोडेर हिड्छौ । त्यसपछि सुखदुखमा समाज घरको अत्यन्तै आवश्यक पर्दोरहेछ । यसले एकापसमा सहयोग र भातृत्वको विकास गर्न धेरै नै भूमिका रहन्छ ।' उनले दुर्लुङ तमु समाजबाट अन्य समाजले सिको गर्नुपर्नेसमेत धारणा राखेका थिए । सो कार्यक्रमकाबीच समाजलाई सहयोग गरेको भन्दै डब्लुओटु गणेश बहादुर गुरुङ, सुवेदार गणेश बहादुर गुरुङ, क्याप्टेन चित्र बहादुर गुरुङ, पूर्णकुमारी गुरुङ र हेलीमाया गुरुङलाई सम्मान अर्पण गरिएको थियो ।

कार्यक्रम दुर्लुङ तमु समाजका अध्यक्ष दान बहादुर गुरुङको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा समाजका वरिष्ठ उपाध्यक्ष क्याप्टेन गोलमान गुरुङले स्वागत मन्तव्य व्यक्त गरेका थिए । भने, सचिव मीन बहादुर गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए ।

# हाटबजारमा चार हजार दुई सय किलो मास बिक्री

पोखरापत्र संवाददाता
दमौली, १५ मंसिर

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ का कृषकले मास बिक्री गरी एकैदिन रु आठ लाख ४० हजार आम्दानी गरेका छन् । उक्त वडाका खेउसिङ, भकुण्डी, मजुवा, डोडेका कृषकले उत्पादन गरेको मास शुक्रबार बिक्री गरेका थिए ।

आँबुखैरेनी ३ मा सञ्चालन गरेको हाटबजारमा चार हजार दुई सय किलो मास बिक्री भएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त मास प्रति किलो रु दुई सयमा बिक्री गरेका छन् । हाटबजारमा २९ जना कृषकले मास बिक्री गरेका छन् । उहाँले भन्नुभयो, "यस वडाका कृषकहरू व्यावसायिक मास उत्पादनमा लागेका छन् । मासले बजार पाउँदा कृषक खुसी छन् ।" गाउँपालिकाले हाटबजारसम्म मास ढुवानीका लागि सवारी साधनको व्यवस्थापन गरिदिएको थियो । त्यस्तै मास उत्पादन गर्ने कृषकलाई प्रति किलो रु २५ अनुदान दिने व्यवस्था मिलाइएको प्रमुख केसीले बताउनुभयो ।

हाटबजारमा मास बिक्री गरेर एउटा कृषकले बढीमा रु ६० हजारसम्म आम्दानी गरेका छन् । खेउसिङका कृषक चन्द्रबहादुर भुजेलले आफूहरूले उत्पादन गरेको मासले बजार पाउँदा यसखेतीतर्फ लाग्न हौसला मिलेको बताउनुभयो । उहाँले भन्नुभयो, "मासको ढुवानी पनि गाउँपालिकाले नै गरिदिएको छ । उत्पादक आधारमा अनुदानको व्यवस्था पनि मिलाउँदा कृषकलाई सहज भएको छ ।"

भकुण्डीका इश्वर गुरुङ, खेउसिङका इश्वर गुरुङ, मजुवाका मनबहादुर भुजेलले व्यावसायिक रुपमा मास खेती गरिरहनुभएको छ । आँबुखैरेनी गाउँपालिका-५ का वडाध्यक्ष सन्तोष गुरुङले गाउँ-गाउँ पुगेर मास सङ्कलन गरी हाटबजारसम्म ल्याउन वडाले सहजीकरण गरेको जानकारी दिनुभयो ।

गाउँपालिकाले विगत एक वर्षदेखि प्रत्येक शुक्रबार हाटबजार सञ्चालन गर्दै आएको छ । हाटबजारले स्थानीय कृषक र उपभोक्तालाई प्रत्यक्ष जोड्ने काम गरेको छ । गाउँपालिकाले सञ्चालन गरेको हाटबजार स्थानीय कृषि उपज बिक्री वितरणका लागि प्रभावकारी थलोको रुपमा विकास भएको छ । हाटबजारमा प्रत्येक शुक्रबार कृषकले उत्पादन गरेका कृषि उपज वस्तु बिक्री वितरणका ल्याउँछन् । उपभोक्ता पनि कहिले शुक्रबार आउँछ र ताजा कृषि उपज सामग्री आउछ भनेर कुर्छन् । हाटबजारमा स्थानीय मह, गोलभेडा, सिस्नु, गिठ्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिल्टीगान लगायतका दैनिक उपभोग्य वस्तु बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

गाउँपालिकाले दश वर्षका लागि जग्गा भाडामा लिएर हाटबजार सञ्चालन गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । चुमानका अुसार वार्षिक रु दश लाख ५० हजार भाडा तिर्ने गरी गाउँपालिकाले जग्गा भाडामा लिएको थियो । गाउँपालिकाका जुनसुकै वडाका कृषकले पनि आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बेच्न सक्ने उहाँले बताउनुभयो ।


## कुकको आवश्यकता

SHINING NEPAL
MULTIPURPOSE COMPANY

विज्ञापन नं.: ०१ २०८१।८२

**साइनिङ नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने) कम्पनी**, पोखरा महानगरपालिका वडा नं.१५ नयाँगाउँमा अवस्थित मुनाफा वितरण नगर्ने एक कम्पनी हो । यस कम्पनीबाट पोखरा १५ हरियो खर्कमा संचालन भइरहेको द आर्क क्याफेको लागि योग्य **कुक आवश्यक** परेकोले योग्य नेपाली नागरिकबाट दरखास्तको लागि आह्वान गर्दछौं ।

**पदः कुक** **संख्याः दुई** **काम गर्ने स्थानः पोखरा**

**कार्य विवरण** : चाइनिज, कन्टिनेन्टल खाना बनाउनुका साथै क्याफेमा काम गर्ने अन्य सहयोगीहरुलाई नेतृत्व प्रदान गर्ने ।

**आवश्यक योग्यता तथा सीप**

- रेष्ट्रेरेन्ट, होटल तथा क्याफेमा कम्तीमा ३ वर्षसम्म कुकको काम गरेको अनुभव भएको ।
- एस.एल.सी. पास गरेको ।
- चाइनिज, कन्टिनेन्टल परिकारहरु बनाउन जानेको । तालिम प्राप्तलाई प्राथमिकतामा राखिनेछ ।
- समुहमा मिलेर काम गर्न सक्ने ।
- आफु अन्तर्गतका काम गर्ने कर्मचारीहरुलाई परिचालन गर्न सक्ने ।
- ग्राहक तथा पाहुनाहरुसँग राम्रो ब्यवहार गर्न जान्ने ।
- कामको चापलाई राम्रो सँग ब्यवस्थापन गर्न सक्ने ।

उल्लेखित पदमा दरखास्त दिन चाहनुहुने महानुभावले मिति २०८१ मंसीर २१ गते बेलुका ५ बजेभित्र यस कार्यालयमा आएर अथवा तल दिइएको इमेलमा बायोडाटा तथा निवेदन पठाउनुहुन अनुरोध छ । सर्टलिस्ट गरिएको आवेदकलाई छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ । तलव कम्पनीको नियमानुसार हुनेछ भने औषधि उपचार विमा, दुर्घटना विमा तथा सामाजिक सुरक्षा कोषको ब्यवस्था समेत गरिनेछ ।

**साइनिङ नेपाल मल्टिप्रपोज(मुनाफा वितरण नगर्ने) कम्पनी**
**हरियो खर्क परिसर, नयाँगाउँ, पोखरा १५ कास्की**
**इमेल ठेगानाः** info@shiningnepal.com
**टेलिफोन नं.०६१-४३४९१६**

छनौट गर्ने नगर्ने सम्पूर्ण अधिकार साइनिङ नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने)कम्पनीमा निहित रहनेछ ।